# सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१

**प्रस्तावनाः** स्थानीयस्तरमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्वदेशी वस्तुको उत्पादन, रोजगारी सिर्जना, आयात व्यवस्थापन तथा उत्पादित वस्तुको बजार प्रवर्धन गर्न सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगलाई थप प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "निर्देशक समिति" भन्नाले दफा ८ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ग) "विदेशी वस्तु" भन्नाले विदेशी मुलुकमा उत्पादन भएको तयारी वस्तु सम्झनु पर्छ।

(घ) "सार्वजनिक निकाय" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायको रूपमा परिभाषा गरेको निकाय सम्झनु पर्छ।

(ङ) "स्वदेशी वस्तु" भन्नाले स्वदेशी कच्चा पदार्थको प्रयोग गरी स्वदेशमा उत्पादित वस्तु सम्झनु पर्छ र सो शब्दले विदेशी कच्चा पदार्थको प्रयोग गरी स्वदेशमा उत्पादन, निर्माण वा जडान भएको र कम्तीमा तिस प्रतिशतसम्म मूल्य अभिवृद्धि भएको वस्तुसमेतलाई जनाउँछ।

३. **सार्वजनिक निकायले स्वदेशी वस्तु खरिद गर्नु पर्नेः** (१) सार्वजनिक निकायले खरिदसम्बन्धी प्रचलित कानूनबमोजिम वस्तु खरिद गर्दा अनुसूची-१ मा उल्लिखित स्वदेशी वस्तु खरिद गर्नु पर्नेछ।

(२) मन्त्रालयले स्वदेशी वस्तुको खरिदलाई सहज र व्यवस्थित गर्न "नेपाली उत्पादन" नामक एक विद्युतीय पोर्टल बनाइ कार्यान्वयनमा ल्याउनेछ।

(३) सार्वजनिक निकायलाई स्वदेशी वस्तु उपलब्ध गराउन चाहने उत्पादकले स्वदेशी वस्तुको नाम, परिमाण, खुद्रा तथा थोक विक्री मूल्य, उत्पत्तिको प्रमाणपत्र, उत्पादनको गुणस्तर र मापदण्डलगायत स्पेसिफिकेसन संलग्न गरी उपदफा (२) बमोजिमको विद्युतीय पोर्टलमा सूचीकृत गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सूचीकृत गर्ने कार्यमा उद्योग तथा व्यवसायसँग सम्बन्धित निजी क्षेत्रका छाता सङ्गठन वा वस्तुगत सङ्घले आवश्यक समन्वय र सहयोग गर्नु पर्नेछ।

(५) सार्वजनिक निकायले स्वदेशी वस्तुको यकिन गर्दा नेपाल सरकारले त्यस्तो वस्तुको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने अधिकार प्रत्यायोजन गरेको संस्थाबाट नेपाली उत्पादन हो भनी अनुसूची-२ बमोजिमको ढाँचामा जारी गरेको प्रमाणपत्रको आधारमा गर्नु पर्नेछ।

(६) सार्वजनिक निकायले आफूले खरिद गरेको स्वदेशी वस्तुको विवरण तथा रकम उपदफा (२) बमोजिमको विद्युतीय पोर्टलमा प्रविष्ट गर्नु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वैदेशिक अनुदान तथा ऋण सहायताबाट सञ्चालित परियोजनाको हकमा विकास साझेदारसँग भएको सम्झौता बमोजिम हुनेछ।

४. **बिक्री मूल्य प्रकाशन गर्नु पर्ने:** स्वदेशी वस्तुको उत्पादन गर्ने उत्पादकले आफ्नो उत्पादनको थोक तथा खुद्रा बिक्री मूल्य दफा ३ को उपदफा (२) बमोजिमको विद्युतीय पोर्टलका अतिरिक्त आफ्नो वेबसाइट तथा ब्रोसरमा समेत प्रकाशन गर्नु पर्नेछ।

५. **स्वदेशी वस्तुको प्रयोग गर्नु पर्ने:** (१) सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भएसम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नु पर्नेछ।

(२) सार्वजनिक निकायका पदाधिकारीले कुनै उपहार प्रदान गर्दा स्वदेशी वस्तु प्रयोग गर्नु पर्नेछ।

(३) सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी वा सेमिनारमा आवश्यक पर्ने वस्तुको प्रयोग गर्दा उपलब्ध भएसम्म स्वदेशी वस्तुको प्रयोग गर्नु पर्नेछ।

६. **पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्ने:** (१) वार्षिक खरिद अनुपात र परिमाणको आधारमा स्वदेशी वस्तुको अधिकतम प्रयोग गर्ने नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको सार्वजनिक निकायलाई निर्देशक समितिको सिफारिसमा मन्त्रालयले प्रत्येक वर्ष पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्दा सङ्घ, प्रदेश र स्थानीय तहको प्रतिनिधित्व हुने गरी कम्तीमा तीन वटा सार्वजनिक निकायलाई प्रदान गर्नु पर्नेछ।

७. **निरीक्षण तथा अनुगमन:** (१) सार्वजनिक निकायले यस निर्देशिकाबमोजिम स्वदेशी वस्तुको खरिद वा प्रयोग गरे वा नगरेको सम्बन्धमा सम्बन्धित निकायको प्रमुखले नियमित रूपमा र मन्त्रालयले त्रैमासिक रूपमा निरीक्षण तथा अनुगमन गर्नु पर्नेछ।

(२) प्रचलित कानूनबमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्दा सार्वजनिक निकायले यस निर्देशिकाबमोजिम स्वदेशी वस्तुको खरिद गरे वा नगरेको समेत हेरी त्यस्तो निकायले सो आर्थिक वर्षमा गरेका कुल खरिदको तुलनामा स्वदेशी वस्तुको खरिदको अनुपात लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ।

८. **निर्देशक समिति:** (१) यस निर्देशिकाको कार्यान्वयन, अनुगमन, समन्वय तथा सहजीकरण गर्न राष्ट्रियस्तरमा देहाय बमोजिमको निर्देशक समिति रहनेछः–

(क) सचिव (उद्योग), मन्त्रालय -संयोजक

(ख) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ङ) सहसचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय -सदस्य

(च) सहमहालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय -सदस्य

(छ) कार्यकारी निर्देशक, व्यापार तथा निर्यात प्रवर्धन केन्द्र -सदस्य

(ज) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ -सदस्य

(झ) अध्यक्ष, नेपाल उद्योग परिसङ्घ -सदस्य

(ञ) अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स -सदस्य

(ट) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ -सदस्य

(ठ) अध्यक्ष, महिला उद्यमी महासङ्घ नेपाल -सदस्य

(ड) सहसचिव, औद्योगिक तथा लगानी प्रवर्धन महाशाखा, मन्त्रालय -सदस्य-सचिव

(२) निर्देशक समितिको बैठकमा आवश्यकतानुसार स्वदेशी उत्पादनसँग सम्बन्धित वस्तुगत सङ्घ, निजी क्षेत्रका छाता सङ्गठनका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(३) निर्देशक समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ।

(४) निर्देशक समितिको सचिवालयको काम मन्त्रालयको औद्योगिक तथा लगानी प्रवर्धन महाशाखाले गर्नेछ।

९. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सार्वजनिक निकायमा स्वदेशी वस्तुको खरिद र प्रयोग सम्बन्धमा आवश्यक समन्वय, सहजीकरण र अनुगमन गर्ने;

(ख) स्वदेशी वस्तुको सूची निर्धारण, हेरफेर र थपघटका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने;

(ग) सार्वजनिक निकायमा स्वदेशी वस्तुको खरिद र प्रयोगको अवस्थाको यकिन गरी प्रयोग बढाउन आवश्यक नीतिगत व्यवस्था गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने;

(घ) स्वदेशी वस्तुको प्रयोग सम्बन्धमा लेखापरीक्षण प्रतिवेदनको सुझाव कार्यान्वयन गर्ने, गराउने;

(ङ) स्वदेशी वस्तुको अधिकतम प्रयोग गर्ने सार्वजनिक निकायलाई पुरस्कृत गर्न मन्त्रालयसमक्ष सिफारिस गर्ने;

(च) स्वदेशी वस्तुको प्रयोग गर्ने सम्बन्धमा नेपाल सरकारले समय समयमा दिएको निर्देशन कार्यान्वयन गर्ने, गराउने;

(छ) स्वदेशी वस्तुको खरिद र प्रयोगको सम्बन्धमा कुनै द्विविधा भई परामर्श वा सुझाव माग भएकोमा सो उपलब्ध गराउने।

१०. **<u>प्रदेशस्तरमा समिति गठन गर्न सकिनेः</u>** प्रदेशस्तरमा स्वदेशी वस्तुको प्रयोग बढाउने सम्बन्धमा देहायका काम कारबाही गर्न नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग

परिसङ्घ, नेपाल घरेलु तथा साना उद्योग महासङ्घका प्रदेशस्तरीय समितिको प्रतिनिधित्व रहने गरी समिति गठन गर्न सकिनेछः-

(क) प्रदेशभित्र स्वदेशी वस्तुको प्रयोग अभिवृद्धिका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने;

(ख) प्रदेशभित्र स्वदेशी वस्तुको प्रयोग र प्रवर्धनका लागि नीतिगत सुधार गर्न निर्देशक समितिसमक्ष सिफारिस गर्ने;

(ग) स्वदेशी वस्तुको सूची निर्धारण, हेरफेर र थपघटका लागि निर्देशक समितिसमक्ष सिफारिस गर्ने;

(घ) प्रदेश अन्तर्गतका सार्वजनिक निकायले स्वदेशी वस्तुको प्रयोग गरे वा नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्ने;

(ङ) प्रदेशभित्र स्वदेशी वस्तुको प्रयोग सम्बन्धमा कुनै द्विविधा पर्न गएमा आवश्यक निर्णयका लागि निर्देशक समितिसमक्ष पेस गर्ने;

(च) प्रदेशभित्र स्वदेशी वस्तुको प्रयोगसम्बन्धी आवश्यकतानुसार अन्य कार्य गर्ने।

११. **स्थानीय तहमा समिति गठन गर्न सकिने:** स्थानीय तहमा स्वदेशी वस्तुको प्रयोग गर्ने सम्बन्धमा देहायका काम कारबाही गर्न स्थानीय तहस्थित निजी क्षेत्रका छाता सङ्गठनको प्रतिनिधित्व रहने गरी समिति गठन गर्न सकिनेछः-

(क) स्थानीय तहमा स्वदेशी वस्तुको प्रयोग गर्न प्रवर्धनात्मक कार्य गर्ने, गराउने;

(ख) स्थानीयस्तरमा उत्पादित स्वदेशी वस्तुको सूची तथा स्पेसिफिकेसन तयार गरी दफा १० बमोजिमको समितिमार्फत निर्देशक समितिमा पठाउने;

(ग) स्वदेशी वस्तुको समूहगत वर्गीकरणमा नपरेका वस्तुको पहिचान गरी दफा १० बमोजिमको समितिमा पठाउने;

(घ) स्थानीय तहअन्तर्गतका सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग भए वा नभएको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्ने;

(ङ) खण्ड (घ) बमोजिमको निरीक्षण तथा अनुगमन प्रतिवेदन वार्षिक रूपमा दफा १० बमोजिमको समितिमार्फत निर्देशक समितिमा पठाउने;

(च) स्थानीय तहस्थित स्वदेशी वस्तुको उत्पादक र प्रयोगकर्ताबिच समय समयमा अन्तरक्रिया र समन्वय गर्ने,

(छ) स्वदेशी वस्तुको प्रवर्धन सम्बन्धमा आवश्यक अन्य कार्य गर्ने।

१२. **स्वदेशी वस्तुको उपलब्धताको यकिन गर्ने:** (१) यस निर्देशिकाबमोजिम सार्वजनिक निकायलाई आवश्यक पर्ने स्वदेशी वस्तुको उपलब्धता एवं गुणस्तरका सम्बन्धमा सम्बन्धित निकायको खरिद एकाइले यकिन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वदेशी वस्तुको यकिन गर्दा एकाइले दफा ३ को उपदफा (२) बमोजिमको पोर्टलको सहयोग लिन र सो सम्बन्धमा कुनै द्विविधा भएमा मन्त्रालयसँग परामर्श वा सुझाव माग गर्न सक्नेछ।

१३. **<u>अनुसूचीमा थपघट तथा हेरफेरः</u>** मन्त्रालयले निर्देशक समितिको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

१४. **<u>खारेजी र बचाउः</u>** (१) सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्नेसम्बन्धी निर्देशिका, २०७१ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको निर्देशिकाबमोजिम भए गरेका काम कारबाही यसै निर्देशिकाबमोजिम भए गरेको मानिनेछ।

## अनुसूची- १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**स्वदेशी वस्तुको सूची**

**(क) स्टेसनरी, कार्यालय सामान, छपाइसम्बन्धी वस्तु वा सामग्रीः–**

(१) नेपाली हातेकागज तथा कागजबाट निर्मित वस्तु वा सामग्री;

(२) ब्राउन पेपर, पेन्सिल, डट्पेन, नेपाली खाम, नोटबुक, रजिस्टर, टिस्युपेपर, डायरी, कापी, चक, बोर्ड मार्कर, फाइल, फाइल बाँध्ने कपडा, तुनालगायतका वस्तु वा सामग्री;

(३) विभिन्न गोष्ठी, सेमिनार, कार्यक्रममा आवश्यक पर्ने वस्तु (ब्याग, दोसल्ला, सल, जस्ता सामग्री);

(४) रेनकोट।

**(ख) तयारी पोसाकसँग सम्बन्धित वस्तु र कोसेली तथा उपहार सामग्रीः–**

(१) अल्लो, केतकी, बाँस, केराको रेसालगायत अन्य प्राकृतिक रेसा आदि जस्ता स्थानीय कच्चापदार्थबाट निर्मित कपडा;

(२) ऊनबाट निर्मित विभिन्न प्रकारका वस्तु वा सामग्री;

(३) ढाका तथा ढाकाजन्य सामान;

(४) पस्मिनाका उत्पादन;

(५) जुटबाट निर्मित सामान;

(६) सार्वजनिक निकायका कर्मचारी तथा पदाधिकारीलाई तोकिएको पोसाक तथा टोपी, जुत्ता, पेटी लगायतका सामान;

(७) सभा वा सम्मेलनमा प्रयोग हुने झोला, व्याग, व्याच तथा अन्य सामान;

(८) परम्परागत हस्तकला, काष्ठकला, मूर्तिकला, चित्रकला तथा प्रस्तरका वस्तु वा सामग्री;

(९) गुडिया, खेलौना, पुतली जस्ता सामान;

(१०) छालाबाट तयार गरिएका सामान।

**(ग) फर्निचर, फर्निसिङ, सरसफाइ, फ्लोरिकल्चर तथा साजसज्जाका वस्तु वा सामग्रीः–**

(१) काठबाट निर्मित फर्निचर, प्लाइउड, बेत तथा बाँसबाट निर्मित सामान, अम्रिसो तथा निगालोबाट तयार भएका सामान;

(२) गलैंचा, कार्पेट (बुनेको वा नबुनेको), तौलिया, तन्ना, पर्दा, मेट्रेस, इपीइ रोल, पटेर, फोम, सिरानी लगायत अन्य फर्निसिङका सामान;

(३) टेवुलपोस वा म्याट, गमला, टी– म्याट मैनबत्ती अगरबत्ती दुना-टपरी लगायतका अन्य साजसज्जा तथा प्रयोगका सामान;

(४) सरसफाइमा प्रयोग हुने झोल तथा केमिकल (ट्वाइलेट, बाथरुम तथा झ्याल, ढोका क्लिनर), फिनेल, साबुन (झोलसहित), सर्फ, स्याम्पो, रुमस्प्रे, झाडु, कुचो लगायत सरसफाइमा प्रयोग हुने सामान;

(५) डस्टबिन, बाटा, बाल्टी, मग;

(६) ट्वाइलेट पेपर;

(७) पुष्पमाला, फूलका बोटबिरुवा तथा अन्य बोटबिरुवा।

**(घ) मेसिनरी, औजार तथा उपकरणः–**

(१) ट्रान्सफरमर (६३ एमभिएसम्म);

(२) लघु तथा साना जलविद्युत आयोजना (२ मे.वा.सम्म) को लागि आवश्यक पर्ने वस्तु वा सामग्री;

(३) कपर वा आल्मुनियम बाइण्डिङ वायर;

(४) कम्प्युटर सफ्टवेयर;

(५) सुक्खा ब्याट्री;

(६) कृषि कार्यमा प्रयोग हुने मेसिन तथा उपकरण;

(७) एसीएसआर, एएसी आल्मुनियम कन्डक्टर र ११ केभिसम्मको केबल;

(८) पिएससी र एसटीपी पोल;

(९) हेलमेट।

**(ङ) निर्माण सामग्रीः–**

(१) सिमेन्ट, छड, इँटा;

(२) रङरोगनका वस्तु वा सामग्री;

(३) एएसी ब्लक (हलुका आधुनिक इँटा);

(४) झ्याल ढोकामा प्रयोग हुने अल्मुनियम प्रोफाइल, अल्मुनियमका झ्याल तथा ढोका;

(५) प्रिफ्याब वालप्यानल;

(६) रोजिन तथा तारपिन तेल;

(७) काठबाट तयार भएका वस्तु वा सामग्री।

**(च) कृषि तथा पशुजन्य उत्पादन र खाद्य तथा पेय पदार्थः-**

(१) दूध वा दूधजन्य विभिन्न पदार्थ;

(२) अण्डा, माछामासु र मासुजन्य पदार्थ;

(३) प्रशोधित तेल, वनस्पती, घ्यू लगायतका पदार्थ;

(४) चिया, कफी, अलैंची, अदुवा, मसलाजन्य वस्तु;

(५) सबै प्रकारका फलफूल र फलफूलबाट तयार भएका खाद्य तथा जुस लगायतका पेय पदार्थ;

(६) मिनरल वाटर, प्रशोधित पिउने पानी (बोतल वा जार) लगायत हल्का पेय पदार्थ;

(७) सार्वजनिक निकाय, सार्वजनिक विद्यालय, सार्वजनिक सामुदायिक अस्पताल, वृद्धाश्रम, बालगृह, सुधारगृह तथा कारागारमा प्रयोग हुने सातु, पिठो, लिटो, बिस्कुट, विशेष गुणयुक्त विस्कुट, मह।

**(छ) जडीबुटीजन्य वस्तु।**

**(ज) प्लाष्टिकका प्याकेजिङ फिल्म तथा सिट (दूध, घ्यू, आदि प्याक गर्न प्रयोग हुने)।**

नेपाल सरकार उद्योग तथा ... सिंहदरबार, काठमाडौं

## अनूसूची-२

(दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

**नेपाली उत्पादन भएको प्रमाणित गर्ने प्रमाणपत्रको ढाँचा**

.................... प्रदेश ......... जिल्ला .............................. स्थानीय तहमा सञ्चालित श्री ............................................... (उद्योग वा कम्पनीको नाम) (दर्ता नं. ...... दर्ता भएको निकाय .............) बाट उत्पादित देहायका वस्तु वा मालसामान निम्न आधारमा नेपाली उत्पादन भएको व्यहोरा प्रमाणित गरिन्छ।

| क्र. सं. | वस्तुको नाम | एचएस कोड | स्वदेशी कच्चा पदार्थको प्रशोधनको प्रक्रिया | विदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरिएको भए मूल्य अभिवृद्धिको प्रतिशत | नेपाल गुणस्तर चिन्ह प्राप्त गरेको वा नगरेको | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**प्रमाणित गर्नेः-**

पदाधिकारीको नामः ........................

पदः ..............................................

दस्तखतः ..................................

निकायको छापः

निकायको नामः ............................

मितिः ........................................

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं